| सेल्टर किट खरिद गरी प्रदेश स्तरको भण्डार गृहमा भण्डारण गर्ने र क्लस्टर सदस्यहरुलाई भण्डारण गर्न लगाउने । | पायक पर्ने स्थानमा | प्रदेशभर | निरन्तर | समूह नेतृत्व, सहनेतृत्व | |
| तारपोलिन सिट खरिद गरी प्रदेश स्तरको भण्डार गृहमा भण्डारण गर्ने र क्लस्टर सदस्यहरुलाई भण्डारण गर्न लगाउने । | पायक पर्ने स्थानमा | प्रदेशभर | निरन्तर | समूह नेतृत्व, सहनेतृत्व | |
| आवश्यक पर्ने स्टेशनरीहरु खरिद गरी प्रदेश स्तरको भण्डार गृहमा भण्डारण गर्ने र सदस्यहरुलाई भण्डारण गर्न लगाउने। | पायक पर्ने स्थानमा | प्रदेशभर | निरन्तर | समूह नेतृत्व, सहनेतृत्व | |
| सबै विद्यालयलाई शिक्षण सामग्रीहरू सुरक्षित ठाउँमा राख्न अनुरोध गर्ने । | सबै विद्यालय | प्रदेशभर | निरन्तर | समूह नेतृत्व | |
| विपद्को समयमा अपनाउनुपर्ने सावधानी र सुरक्षाका उपाय तथा अनुशासनका बारेमा विद्यार्थीलाई सचेत गर्ने तथा सो को लागि समन्वय गर्ने । | सबै विद्यालय | प्रदेशभर | निरन्तर | समूह नेतृत्व, सहनेतृत्व र समूह सदस्यहरू | |
| विपद्को समयमा पठनपाठन निरन्तर गर्न आवश्यक तयारी गर्ने र समन्वय गर्ने । | सबै विद्यालय र स्थानीय तह | प्रदेशभरका स्थानीय तह | निरन्तर | समूह नेतृत्व, सहनेतृत्व | |
| आपत्कालीन शिक्षाका लागि स्थानीय तहमा पहुँच हुने गरी आवश्यक सामग्रीको पूर्वभण्डारण गर्ने साथै व्यवस्था मिलाउने | पायक पर्ने स्थानमा | पहिचान गरिएका स्थानमा | निरन्तर | समूह नेतृत्व, सहनेतृत्व | |

| क्रियाकलाप | आवश्यकता | स्थान | कहिले गर्ने | जिम्मेवार निकाय | बजेट/ स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|
| आपत्कालीन सामग्री आपूर्तिका लागि उपयुक्त व्यवसायीसँग अनुबन्ध करार गर्ने | आवश्यकता अनुसार | उपयुक्त अनुसार प्रदेशभरका लागि | निरन्तर | समूह नेतृत्व, सहनेतृत्व | |
| आपत्कालीन अवस्थामा प्रतिकार्यकालागि चाहिने सामग्री, औजार, प्रविधि रणनीतिक स्थानमा भण्डारण गर्ने । | आवश्यकता अनुसार | पहिचान गरिएका रणनीतिक स्थानमा | निरन्तर | समूह नेतृत्व, सहनेतृत्व | १० करोड |
| स्थानीय तह साथै अन्य समूहसँग समन्वय र सहकार्य गरी राहतमा नगद वितरण गर्ने कार्यविधि तयार गर्ने । | १ | प्रदेश तथा स्थानीय तहमा | आगामी आ.व. भित्र | समूह नेतृत्व, सहनेतृत्व | १० लाख |
| वन्दोवस्ती समूहसँग समन्वय गरी सम्भावित विपद् प्रभावित जिल्लामा आपत्कालीन शिक्षाका सामग्रीहरू ढुवानी गर्न व्यवस्था गर्ने। | १ | पहिचान गरिएका रणनीतिक स्थानमा | निरन्तर | समूह नेतृत्व, सहनेतृत्व | |
| प्रदेश तथा स्थानीय तहसँग परामर्श, समन्वय र सहकार्य गरी अस्थायी कक्षाको डिजाइन र कक्षा सञ्चालन कार्यविधि तयार गर्ने | १ | प्रदेश र स्थानीय तह | आ.व. २०७९/८० | समूह नेतृत्व, सहनेतृत्व | १० लाख |
| आपत्कालीन अवस्थामा पठनपाठन सामग्री (किताब, कापि, कलम आदि) वितरण सम्बन्धी कार्यविधि तयार गर्ने | १ | प्रदेश तहमा | आ.व. २०७९/८० | समूह नेतृत्व, सहनेतृत्व | ५ लाख |
| आपत्कालीन शिक्षा सामग्री वितरणको कार्यविधि, मापदण्ड र वितरण फारामहरू तयार गर्ने | १ | प्रदेश तहमा | आ.व. २०७९/८० | समूह नेतृत्व, सहनेतृत्व | ५ लाख |
| प्रदेश, जिल्ला तथा स्थानीय तह शिक्षा समूह नेतृत्वलाई सञ्चारको लागि भरपर्दो प्रविधि, औजारको व्यवस्था गर्ने (स्याटेलाइट फोन, ट्याबलेट, वायरलेस सेट आदि) | ११+८५=९६ | प्रदेश भर सबै तहमा पहल गर्ने | आ.व. २०७९/८० र क्रमशः | समूह नेतृत्व, सहनेतृत्व | २ करोड |
| प्रतिकार्यका लागि आवश्यक सामग्रीहरुको व्यवस्थापनका लागि व्यापारीहरुको सूची तयार गर्न लगाई विपद्को | १ | प्रदेश तहमा | आ.व. २०७९/८० | समूह नेतृत्व, सहनेतृत्व | १५ लाख |

| क्रियाकलाप | आवश्यकता | स्थान | कहिले गर्ने | जिम्मेवार निकाय | बजेट/ स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|
| समयमा सामग्री उपलब्ध गराउन सम्झौता गर्ने (Stand by agreement)। | | | | | |
| **विद्यालयहरूमा सचेतना** | | | | | |
| भूकम्पीय सुरक्षा सम्बन्धी विद्यार्थीहरू र शिक्षकका लागि सचेतना कार्यक्रम सञ्चालन गर्ने | ३६५ दिन | प्रदेशभरका विद्यालयहरू | निरन्तर | नेतृत्व, सहनेतृत्व | |
| भूकम्पीय सुरक्षा सम्बन्धी विद्यार्थीहरू र शिक्षकका लागि सचेतना कार्यक्रम सञ्चालन गर्ने । भूकम्प सम्बन्धी कृत्रिम घटना अभ्यास गरे नगरेको सुनिश्चित गर्ने र आवश्यक परे सहयोग गर्ने । | निरन्तर | प्रदेशभरका सबै विद्यालयहरू | निरन्तर | नेतृत्व, सहनेतृत्व | ७ करोड |
| विद्यालयमा आपत्कालीन अवस्थाका लागि अभिमुखीकरण तथा क्षमता अभिवृद्धिका लागि जिल्लागत कार्यक्रम सञ्चालन गर्ने | ११ | जिल्ला तहमा | निरन्तर | नेतृत्व, सहनेतृत्व | १५ लाख |
| सबै विद्यालयहरुमा शैक्षिक निरन्तरता योजना तयार गर्न लगाई सोही अनुसार तयारीमा रहन सहयोग गर्ने । | सबै विद्यालय | प्रदेशभर | निरन्तर | समूह नेतृत्व, सहनेतृत्व, सदस्यहरू | |
| बालबालिकाहरुको लागि प्राथमिक उपचार तालिम दिन सहयोग गर्ने र प्राथमिक उपचारका सामग्रीहरु भए नभएको सुनिश्चित गर्ने | सबै विद्यालय | प्रदेशभर | निरन्तर | समूह नेतृत्व, सहनेतृत्व, सदस्यहरू | |
| पूर्वतयारी अनुसार कार्यान्वयन भए नभएको अनुगमन गर्ने जस्तैः आपत्कालीन निकास मार्ग, सुरक्षित भेला हुने स्थान, ड्रप, कभर र होल्ड अभ्यास, झ्याल ढोका बाहिर खुल्ने गरी वनाइएको, टेबल बेन्च छुट्टिने गरी बनाइएको, प्राथमिक उपचार तालिम र सामग्री आदि | सबै विद्यालय | प्रदेशभर | निरन्तर | समूह नेतृत्व, सहनेतृत्व र समूह सदस्यहरू | |

| क्रियाकलाप | आवश्यकता | स्थान | कहिले गर्ने | जिम्मेवार निकाय | बजेट/ स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|
| विपद्को समयमा बालबालिकाहरुको पारिवारिक पुनर्मिलनका लागि योजना तयार गर्न लगाउने । | सबै विद्यालय | प्रदेशभर | निरन्तर | समूह नेतृत्व, सहनेतृत्व, सदस्यहरू | |
| विद्यार्थी भर्ना तथा विपद् जोखिम परिवेश अनुरूप यस योजनालाई हरेक वर्ष पुनरावलोकन तथा सामयिक रुपले अद्यावधिक गर्ने | १ | पोखरा | हरेक वर्ष जेठ मसान्त भित्र | नेतृत्व, सहनेतृत्व | ५ लाख |

### ३.५.२ सामान्य पूर्वतयारी योजना कार्यान्वयन गर्न स्रोत व्यवस्थापन

अपुग क्षमता पुरा गर्न नेतृत्व र सहनेतृत्वले अग्रसरता लिई समूहका सदस्यहरूले सामान्य तवरले पुरा गर्न सकिने सम्मको विवरण तालिका ३.६ मा उल्लेख गरिएको छ । तत्काल पुरा गर्न सकिने अवस्था नदेखिएको हकमा सम्बन्धित संस्थाले आफ्नो माथिल्लो निकाय साथै सम्भावित दातासमक्ष प्रस्तावना पेश गरी अनुरोध गर्न तथा विपद् घटना हुना साथ तत्काल परिस्थितिको लेखाजोखा गरी सदस्यहरूले आपसी समन्वय गरी बाह्य सहयोगको अपिल गर्ने रणनीतिक योजना तय गरिएको छ ।

अपुग स्रोतसाधन र क्षमताको परिपूर्ति देहाय बमोजिम गरिनेछः

(१) सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयले वार्षिक कार्यक्रम तथा बजेट विनियोजन गर्ने,

(२) भैपरी आएमा शिक्षा मन्त्रालय, शिक्षा तथा मानवस्रोत विकास केन्द्रले अन्य प्रयोजनको लागि छुट्याएको स्रोतसाधन वा वार्षिक बजेट आपत्कालीन योजनामा उपयोग गर्न रकमान्तर गर्न माग गर्ने ।,

(३) आर्थिक तथा योजना मन्त्रालयले आवश्यक पर्ने कोषको लागि रकम निकासा गरी आवश्यक सामग्री, प्रविधि र अन्य स्रोतसाधन खरिद गरी भण्डारण गर्ने र उपयोग गर्ने,

(४) आन्तरिक मामिला तथा कानून मन्त्रालयसंग समन्वय गरी सामाजिक विकास मन्त्रालयले विपद् अवधिमा आवश्यक परेमा शिक्षा क्षेत्रको लागि सामग्री, औजार र सेवा तत्काल खरिद गर्न वा भाडामा लिन उपयुक्त आपूर्तिकर्ता, उद्योग व्यवसायीसँग प्रचलित कानुन बमोजिम अनुबन्ध करार गर्ने,

(५) विपद् व्यावस्थापनका लागि शैक्षिक कार्यक्रम तथा प्रदेश सरकार समानिकरण वजेटवाट विपद व्यिस्थापनको लागि विनियोजन गरिएको वजेटको उपयोग गर्ने ।

(६) सहनेतृत्वले आवश्यकता परिपूर्तिका लागि स्रोतसाधन जुटाउन पहल गर्ने,

(७) समूहका अन्य सदस्यले स्रोतसाधन जुटाउन पहल गर्ने,

(८) प्रदेश तथा स्थानीय तहमा क्षमता बढाउन पहल गर्ने र

(९) तालिम, अभ्यास गरी उपलब्ध जनशक्तिको दक्षाता अभिबृद्धि गर्ने ।

### ३.५.३ भूकम्पको प्रतिकार्य योजना

तालिका ३.६ भूकम्पको लागि प्रतिकार्य योजना

| समय अवधि | क्रियाकलाप | स्थान | जिम्मेवार निकाय | बजेट |
|---|---|---|---|---|
| ०-७२ घण्टा (परिदृष्य बमोजिम) | | | | |
| विद्यालय सञ्चालन भैरहेको समयमा भूकम्प गएको अवस्थामा | प्रदेश शिक्षा समुहको आकस्मिक वैठक गरी तयारी गर्ने | सामाजिक विकास मन्त्रालय/ शिक्षा विकास निर्देशालय | समूह नेतृत्व | |
| | प्रदेश विपद् व्यस्थापन समितिको वैठकमा सहभागी हुने | प्रदेश पोखरा | समूह नेतृत्व तथा सहनेतृत्व | |
| | सूचना आदानप्रदान संयन्त्र मार्फत भूकम्प गएका क्षेत्रमा विद्यालयमा परेको असरको बारेमा जानकारी लिने | प्रभावित क्षेत्रबाट सामाजिक विकास मन्त्रालय शैक्षिक योजना तथा अनुसन्धान महाशाखामा | समूह नेतृत्व | २० हजार |
| | सवै जिल्लाहरुबाट प्रारम्भिक क्षतिको विवरण संकलन गर्ने (इरा फर्मेटको प्रयोग गर्ने तथा मोवाइल एप्सको प्रयोग गर्ने) । | सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय | समूह नेतृत्व तथा सहनेतृत्व, | |
| | प्रदेश र संघीय समूहको सहायता आवश्यक पर्ने क्षेत्र र परिमाण आँकलन गर्ने। | सामाजिक विकास मन्त्रालय | समूह नेतृत्व तथा सहनेतृत्व | १० हजार |
| | तत्काल उद्धार राहतका लागि स्थानीय, जिल्ला तथा प्रदेश समूह परिचालन गर्न सहजीकरण र समन्वय गर्ने | प्रभावित क्षेत्रमा | समूह नेतृत्व | |
| | प्रभावित क्षेत्रमा ईरा टोली परिचालन गर्न तयारी गर्ने | प्रभावित क्षेत्रमा | समूह नेतृत्व तथा सहनेतृत्व | १५ लाख |
| | उपयुक्त सञ्चार माध्यमबाट विद्युत आदि आगलागी हुने स्रोतहरू बन्द गर्ने जस्ता अत्यावश्यक सूचनाहरू प्रवाह गर्ने | प्रभावित क्षेत्रका विद्यालय तथा समुदायमा | समूह नेतृत्व | ३ लाख |
| | उद्धार गर्न बाह्य सहायता आवश्यक भए आन्तरिक मामिला तथा कून मन्त्रालय/ जिल्ला प्रशासन कार्यालयहरुसँग समन्वय गर्ने । | प्रदेश र जिल्ला तहमा | समूह नेतृत्व, सहनेतृत्व | |

| समय अवधि | क्रियाकलाप | स्थान | जिम्मेवार निकाय | बजेट |
|---|---|---|---|---|
| | यदि विद्यालय सञ्चालन भएको अवस्थामा भूकम्प आएमा सुरक्षा निकायसँग समन्वय गरी खोज तथा उद्धारका कार्य गर्न जिल्ला स्थित सुरक्षा निकायसँग समन्वय गर्ने, उद्धार कार्यमा अपाङ्गता भएका विद्यार्थीहरुको विशेष ख्याल राख्न अनुरोध गर्ने | जिल्ला तहमा | समूह नेतृत्व, सहनेतृत्व | |
| | जिल्ला शिक्षा तथा समन्वय इकाइ र स्थानीय तह शिक्षा इकाइ लाई परिचालन हुन तयारी हुन निर्देशन गर्ने । | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, शिक्षा विकास निर्देशनालय | समूह नेतृत्व | |
| | सुरक्षा निकायसँग समन्वयगरी खोज तथा उद्धारका कार्य गर्न जिल्ला स्थित सुरक्षा निकायसँग समन्वय गर्ने, उद्धार कार्यमा अपांगता भएका विद्यार्थीहरुको विशेष खयाल राख्न अनुरोध गर्ने । | सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय | समूह नेतृत्व | |
| | बालबालिका तथा शिक्षकले भूकम्पको समय अवधी भर ड्रप, कभर, होल्डगरी भूकम्प पश्चात विद्यालयले तयार गरेको आपातकालिन निकास मार्ग प्रयोग गरेर बालबालिकाहरुलाई सुरक्षित स्थानमा लैजान सहयोग गर्ने | सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय | समूह नेतृत्व | |
| | घाइते विद्यार्थी तथा शिक्षकहरुलाई प्राथमिक उपचार गर्न स्वास्थ्य क्लस्टरसँग समन्वय गर्ने । | सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय | समूह नेतृत्व | १ लाख |
| | विद्यालयका महत्वपूर्ण कागजात र सामाग्रीहरु सुरक्षित स्थानमा लैजान सुरक्षा निकायसँग समन्वय गर्ने । | सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय | समूह नेतृत्व | ५० हजार |
| | समूहको बैठक बसेर अवस्थाको विश्लेषण गर्ने | सामाजिक विकास मन्त्रालय/ शिक्षा विकास निर्देशालय | समूह नेतृत्व तथा सहनेतृत्व | |
| | प्रभावित क्षेत्रमा ईरा टोली परिचालन गर्न तयारी गर्ने | प्रदेशभर | समूह नेतृत्व तथा सहनेतृत्व | ५ लाख |

| समय अवधि | क्रियाकलाप | स्थान | जिम्मेवार निकाय | बजेट |
|---|---|---|---|---|
| | उपयुक्त सञ्चार माध्यमबाट विद्युत आदि आगलागी हुने स्रोतहरू बन्द गर्ने जस्ता अत्यावश्यक सूचनाहरू प्रवाह गर्ने । | प्रभावित क्षेत्रका विद्यालय तथा समुदायमा | समूह नेतृत्व | ५० हजार |
| विद्यालय चलेको वा नचलेको अवस्थामा | भूकम्प गएका क्षेत्रमा विद्यालयमा परेको असरको बारेमा जानकारी लिने | जिल्ला शिक्षा तथा समन्वय इकाइ र स्थानीय तह शिक्षा इकाइ | समूह नेतृत्व | |
| | समूहको आपत्कालीन बैठक बस्ने | पोखरा | समूह नेतृत्व, सहनेतृत्व | |
| | विद्यालय, स्थानीय तह, जिल्लाबाट अवस्थाको थप जानकारी लिने | प्रभावित क्षेत्रबाट पर्देश शिक्षा समूहमा | समूह नेतृत्व, सहनेतृत्व, सदस्यहरू | |
| | विद्यालय शिक्षक, कर्मचारी तथा विद्यार्थीहरूको अवस्थाको बारेमा जानकारी सङ्कलन गर्ने | जिल्ला शिक्षा तथा समन्वय इकाइ र स्थानीय तह शिक्षा इकाइ | समूह नेतृत्व, सहनेतृत्व, सदस्यहरू | |
| | अवस्था विश्लेषण गरी प्रतिवेदन तयार गर्ने | पोखरा | समूह नेतृत्व, सहनेतृत्व | |
| | स्थानीय तहबाट माग भए प्रभावित क्षेत्रमा भ्रमण गर्ने | माग भएको स्थानीय तहमा | समूह नेतृत्व, सहनेतृत्व | |
| | प्रारम्भिक द्रुत लेखाजोखा (IRA) गर्न समन्वय र सहयोग गर्ने | स्थानीय तहमा | समूह नेतृत्व, सहनेतृत्व | |
| | प्रारम्भिक द्रुत लेखाजोखाबाट प्राप्त जानकारी विश्लेषण गर्ने | पोखरा | समूह नेतृत्व, सहनेतृत्व | |
| | सहायता आवश्यकताको विवरण, योजना बनाउने र अन्य संस्था सँग समन्वय गर्ने | प्रदेश तह पोखरा | समूह नेतृत्व, सहनेतृत्व | |

| समय अवधि | क्रियाकलाप | स्थान | जिम्मेवार निकाय | बजेट |
|---|---|---|---|---|
| ७२ घण्टा-२ हप्ता | | | | |
| | प्रारम्भिक द्रुत लेखाजोखा (MIRA) गर्न समन्वय र सहयोग गर्ने | प्रभावित क्षेत्रमा | समूह नेतृत्व, सहनेतृत्व | |
| | अन्य संस्था समूहसँग समन्वय गर्ने | प्रदेश तह पोखरा | समुहका तोकिएका सम्पर्क व्यक्ति | |
| | प्रतिकार्यको अनुगमन गर्ने | प्रभावित क्षेत्रमा | अनुगमन समिति | |
| | जनशक्ति तथा सामग्रीहरू सम्बन्धित विद्यालय, अस्थायी क्याम्पमा पठाउने | प्रभावित क्षेत्रमा | समूह नेतृत्व, सहनेतृत्व | |
| | समुदायमा बालबालिकाहरूलाई विद्यालय आउन/पठाउन सचेता तथा मनोसामाजिक परामर्श सेवा सञ्चालन गर्न स्थानीय तहलाई सहयोग र समन्वय गर्ने | प्रभावित क्षेत्रमा | समूह नेतृत्व, सहनेतृत्व | |
| | आवश्यक वैकल्पिक प्रविधिको प्रयोग गरी पठनपाठन सुचारु गर्न गर्न प्रदेश तथा स्थानीय तहलाई आवश्यक सहयोग गर्ने | प्रभावित क्षेत्रमा | समूह नेतृत्व, सहनेतृत्व | |
| | लैङ्गिग मैत्री तथा अपाङ्गता मैत्री पठनपाठन सञ्चालन गर्न स्थानीय तहलाई सहयोग तथा समन्वय गर्ने | सम्बन्धित संघसंस्थाहरूलाई देशभर | समूह नेतृत्व, सहनेतृत्व | |
| | बालबालिकाको संरक्षण तथा सुरक्षित वातावरणमा पठनपाठन सुनिश्चत गर्न आवश्यक समन्वय, सहयोग र नेतृत्व गर्ने | प्रभावित क्षेत्रमा देशभरि | समूह नेतृत्व, सहनेतृत्व | |
| | प्रदेश भरि जनचेतना जगाउँनको लागि विभिन्न सन्चार माध्यमको प्रयोग गर्ने | | | |

| समय अवधि | क्रियाकलाप | स्थान | जिम्मेवार निकाय | बजेट |
|---|---|---|---|---|
| | खानेपानी तथा सरसफाई र अन्य र समुहहरु सँग समन्वय गर्ने जस्तैः विद्यालय, स्वास्थ्य, र भपोषणव्यवास्थापन | | | |
| २ हप्ता - ४ हप्ता | | | | |
| | विद्यालय सञ्चालन निरन्तरता गर्न स्थानीय तह र विद्यालयलाई सहयोग गर्ने | प्रभावित स्थानीय तहमा | समूह नेतृत्व, सहनेतृत्व | |
| | अस्थायी कक्षा इसिडि र अरु शैक्षिक क्रियाकलाप चलाउन सहयोग समन्वय गर्ने | प्रभावित स्थानीय तहमा | समूह नेतृत्व, सहनेतृत्व | |
| | आवश्यक भए अनलाइन कक्षा चलाउन सहयोग गर्ने | प्रभावित स्थानीय तहमा | समूह नेतृत्व, सहनेतृत्व | |
| | अनुगमन तथा स्थितिको विश्लेषण गर्ने | प्रभावित क्षेत्रमा | समूह नेतृत्व, सहनेतृत्व | |
| | आवश्यक भएका स्थानीय तह, विद्यालयमा नगद, सामग्री प्रवाह गर्ने | प्रभावित स्थानीय तहमा | समूह नेतृत्व, सहनेतृत्व | |
| | जनशक्ति अपुग भएका ठाउँमा शिक्षक तथा अन्य सहायताकर्मी पठाउने | प्रभावित स्थानीय तहमा | समूह नेतृत्व, सहनेतृत्व | |
| १ महिना-३ महिना | | | | |
| | अस्थायी कक्षा र बालविकास केन्द्र (इसिडि) निरन्तर चलाउन सहयोग गर्ने | प्रभावित स्थानीय तहमा | समूह नेतृत्व, सहनेतृत्व | |
| | बालबालिकाको संरक्षण तथा सुरक्षित वातावरणमा पठनपाठन सुनिश्चत गर्न आवश्यक समन्वय, सहयोग र नेतृत्व गर्ने | प्रभावित क्षेत्रमा देशभरि | समूह नेतृत्व, सहनेतृत्व | |

| समय अवधि | क्रियाकलाप | स्थान | जिम्मेवार निकाय | बजेट |
|---|---|---|---|---|
| | आवश्यकता भए अलि पक्की संरचना भएका कक्षाकोठा बनाउन सहयोग, समन्वय गर्ने | प्रभावित स्थानीय तहमा | समूह नेतृत्व, सहनेतृत्व, समूह सदस्य | |
| | परिदृष्यमा आँकलन गरे भन्दा विकराल स्थिति सृजना हुन गएमा परिस्थितिको विश्लेषण गरी आवश्यक योजना तयार गरी लागु गर्ने | प्रभावित स्थानीय तहमा | समूह नेतृत्व, सहनेतृत्व | |

### ३.५.४ भूकम्पको प्रतिकार्यमा लैङ्गिक, सामाजिक एवं समावेशिता र अपाङ्गता भएकाहरूको विशिष्ट आवश्यकताको सम्बोधन गर्न क्रियाकलाप र रणनीति

तालिका ३.७ भूकम्पको अवस्थामा विशिष्ट आवश्यकताका लागि योजना

| क्रियाकलाप | स्थान | जिम्मेवार निकाय | बजेट |
|---|---|---|---|
| लैङ्गिक अनुकुल, वालमैत्रि र अपाङ्ग-मैत्री भौतिक संरचना निर्माण तथा सञ्चालन गर्न समन्वय, सहयोग तथा पैरवी गर्ने | प्रदेशभर | समूह नेतृत्व, सहनेतृत्व, समूह सदस्य | |
| अपाङ्ता भएका विद्यार्थी अनुकूल हुनेगरी सिकाइ वातावरण तयार गर्न समन्वय, सहयोग तथा पैरवी गर्ने | प्रदेशभर | समूह नेतृत्व, सहनेतृत्व, समूह सदस्य | |
| अपाङ्ता भएका विद्यार्थीका लागि पाठ्य तथा सिकाइ सामग्री उपलब्ध गराउन समन्वय, सहयोग तथा पैरवी गर्ने | प्रदेशभर | समूह नेतृत्व, सहनेतृत्व, समूह सदस्य | |
| अपाङ्ता भएका विद्यार्थीका लागि विद्यालय सम्मको सहज पहुँच सुनिश्चित गर्न समन्वय, सहयोग तथा पैरवी गर्ने | प्रदेशभर | समूह नेतृत्व, सहनेतृत्व, समूह सदस्य | |

### ३.५.५ सञ्चार तथा पैरवी योजना

पूर्वतयारी चरणमा सञ्चार तथा पैरवी

| क्रियाकलाप | स्थान | जिम्मेवार निकाय | बजेट |
|---|---|---|---|
| भूकम्पीय सुरक्षा सम्बन्धी सन्देश तथा कार्यक्रमहरू निर्माण तथा प्रकाशन प्रसारण गर्ने,<br>विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी सन्देश तथा कार्यक्रमहरू निर्माण तथा प्रसारण गर्ने,<br>शिक्षा लगायतका सामाजिक विषयमा केन्द्रित सञ्चारमूलक गतिविधिमा विपद व्यवस्थापनको विषय समेट्ने,<br>बालबालिकाहरूको शारीरिक, मानसिक, लैङ्गिक तथा सामाजिक सुरक्षाको सुनिश्चितता गर्न आवश्यक चेतना अभिवृद्धि तथा संस्थागत प्रवन्ध मिलाउन पैरवी गर्ने | एफएम रेडियो<br>टेलिभिजन केबल टेलिभिजन<br>प्रिन्ट मिडिया<br>न्यू मिडियाः अनलाइन र सामाजिक सञ्जाल | समूह नेतृत्व, सहनेतृत्व | |

आपत्कालीन अवस्थामा सञ्चार तथा पैरवी

| समय अवधि | क्रियाकलाप | स्थान | जिम्मेवार निकाय | बजेट |
|---|---|---|---|---|
| ०-७२ घण्टा<br>२ हप्ता - १ महिना<br>१ महिना-३महिना | आपत्कालीन अवस्थाका बारेमा सञ्चार माध्यमबाट जानकारी दिने<br>- भूकम्प र परकम्पहरू बारे<br>- खुला स्थान र भेला हुने बारे<br>- घाइतेको अबस्था र उद्धारका बारे<br>- शिक्षा निरन्तरता बारे<br>- शीघ्र पुनर्स्थापना बारे<br>- सुनिश्चितता गर्न आवश्यक चेतना अभिवृद्धि तथा संस्थागत प्रवन्ध मिलाउने बारे<br>- मनोपरामर्श सेवा सम्बन्धी | प्रदेशभर, खास गरी प्रभावित क्षेत्रमा | समूह नेतृत्व, सहनेतृत्व | |

# परिच्छेद ४: बाढी र पहिरोको परिदृश्य र पूर्वतयारी तथा प्रतिकार्य योजना

## ४.१ बाढी र पहिरोको परिदृष्य

नेपालमा साना ठूला गरेर ६,००० भन्दा बढी नदीहरू छन् जसको कूल लम्बाइ करिब ४५ हजार किलोमिटर छ । यस प्रदेशमा नदीको सङ्ख्या करिव १,००० रहेको अनुमान गरिएको छ । यी नदीहरू स्वच्छ पिउनेपानी, सरसफाइ, सिँचाइ, ऊर्जा उत्पादन, जल यातायातलगायत आर्थिक विकासका मेरुदण्डका रूपमा रहेका छन् । तथापि, यिनै नदीले हरेक वर्षको मनसुनमा जनजीवन अस्तव्यस्त मात्र बनाउँदैनन् तल्लो तटीय क्षेत्रका वेंशी, उपत्यका र अझ तराईमा विनाशलीला मच्चाउँछन् । प्रत्यर्क वर्षको आषाढ, श्रावण, भाद्र र आश्विनको पहिलो साता गरी करिब साढे तीन महिना आउने बाढीले मानवीय तथा भौतिक सम्पत्तिमा गर्ने क्षति विनाशकारी रहने गरेको छ ।

नेपालमा सामान्यतयाः मुसलधारे वा अतिवृष्टि, धेरै दिनसम्म लगातार हुने वर्षा, हिमताल विस्फोटन र पहिरोबाट थुनिएको खोला फुटेर बाढी आउँछ । ग्रीष्मकालीन मनसुन अधिक सक्रिय बनेपछि आषाढ, श्रावण, भाद्र र आश्विन महिनाको मध्यसम्म सबभन्दा धेरै बाढी आउँछ । शिवालिक र मध्य पहाडी भू-भागमा छोटो समयमा हुने मुसलधारे वर्षाका कारण आउने खहरे बाढीबाट धेरै मानवीय क्षति हुने गरेको पाइन्छ । विशेषगरी, चुरे पहाड देखि उत्पन्न खहरेहरूबाट अचानक आउने चञ्चले बाढीले भावर क्षेत्र खतरामा पर्दै गएको छ । यी नदीले प्रायः धार परिवर्तन र धेरै गेग्रयान बगाएर ल्याउने हुँदा तराईमा पटानको समस्या बढेको र तराइका खोला नदीको सतह उकासिन गइ बाढीको प्रकोप थप जटिल बन्दै गएको छ । यसबाट खेती गरिएको बाली नष्ट हुने, कृषियोग्य जमिन मरूभूमीकरण हुने र वस्तीसमेत जोखिममा पर्ने गरेको छ ।

प्राकृतिक प्रकोपका घटनाहरूमध्ये पहिरो समग्र नेपालकै समस्या हो । ८२ प्रतिशत पहाड र हिमाली क्षेत्रले समेटेको यो प्रदेश पहिरोको उच्च जोखिममा छ । विगत १० वर्षको तथ्याङ्कअनुसार प्रदेशमा ६०२ वटा पहिरोमा परेर २१६ जनाको मृत्यु भयो भने ३९ जना बेपत्ता र १२६ जना घाइते भए । यस अवधिमा १,२६६ घरहरु पूर्ण क्षति र १,७९३ घरहरु शिक क्षति भएका थिए । ९७ गोठ र २३१ घरपालुवा पशु नष्ट भएका र ५२ करोड ३२ लाख आर्थिक नोक्सानी भएको थियो । पहाडमा गएको पहिरोका कारण बाढीले बगाएर ल्याउने गेग्रयान तराईका खोला नदीमा थुप्रिंदा नदीको सतह उठ्नगई बाढीको समस्या बढ्ने र खेतियोग्य उर्वर जमिन बालुवाले पुर्ने गरेको छ । (स्रोतः विपद् पोर्टल)

अध्ययनअनुसार अन्नपुर्ण हिमश्रृङ्खलामा गएको हिमपहिरो र चट्टान खसेर थुनिएको सेती नदी पहिरोको डयाम खोलेर बाढी आएको भनिएको छ । यस बाढीले भुजुङमा रहेको तातो पानीको कुण्ड, सेती नदीका तीनवटा झोलुङ्गे पुल, पेखरामा वितरण गरिएको पिउने पानीको मूल पाइप बगाएर पोखरामा पिउने पानीको समेत हाहाकार भएको थियो ।यस बाढीको सामना गर्न नेपाली सेनाबाट भुजुङ नजिकै घटनास्थल उद्धार क्याम्प स्थापना भयो भने तत्कालीन जिल्ला दैवी प्रकोप उद्धार समितिले विषयगत क्षेत्र (Cluster) समेत परिचालन गरेर मानवीय सहायतालाई प्रभावकारी बनायो । विभिन्न क्षेत्रबाट भएका अध्ययन र विश्लेषणहरूअनुसार नेपाल सरकारले २०६४ सालबाट प्रारम्भ गरेको विषयगत क्षेत्र र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणमा देखाएको क्रियाशीलताले विपद् प्रतिकार्यलाई प्रभावकारी बनाएको देखाएका छन्।







स्रोत: Durham University/विपद् पोर्टल (bipadportal.gov.np)

**बाढी प्रभावित जिल्लाहरू अङ्कित नक्शा** **पहिरो प्रभावित जिल्लाहरू अङ्कित नक्शा**

स्रोतः मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना — २०७९

गण्डकी प्रदेशको माथिल्लो क्षेत्रहरुमा रहेको खोलाहरुको जलाधार क्षेत्रमा परेको पानीहरु संकलित स्वरुप साथै नदिको माथिल्लो क्षेत्रमा गरिएको विकासका त्रियाकलापहरुको न्यून व्यवस्थापन तथा नदि किनारलाई प्राविधिक आकंलन नगरी निर्माण भएको वस्तिहरुमा बाढी तथा नदि कटानको समस्याहरु देख्न पाईन्छ । प्रदेशका वेनि जोमसोस राजमार्ग, मध्यपहाडी लोकमार्ग, जिल्ला र स्थानीय तहमा भएका कृषि तथा व्यवसायिक सडकमा पुग्ने अवरोधले विशेषगरी आषाढ, श्रावण, भाद्र र आश्विन गरी चार महिना जनजीवन कष्टकर हुने गरेको छ । यस **गृह मन्त्रालयको विपद् पोर्टलका अनुसार यस** प्रदेशमा विगत १० वर्षमा बाढीका ४४२ घटनामा परेर १५९ जनाको ज्यान गएको छ भने ५९ जना हराएका छन् । यस अवधिमा बाढीका कारण मात्र ३ करोडबराबरको आर्थिक क्षति भएको देखिन्छ । पहिरोका ५१७ घटनामा परेर ३०६ जनाको ज्यान गएको छ भने २१ जना हराएका, घाइते ३०३ जना र ७५९ घरपरिवार प्रभावित भएका छन् । जस वाट अनुमानित रु ७१९२७०००। बराबर प्रत्यक्ष आर्थिक क्षति भएको देखिन्छ । प्रदेशमा बाढीको जोखिम कम गरेर मानवीय र आर्थिक क्षेत्रको क्षति न्यूनीकरण गर्नु जरुरी देखिएको छ जसका लागि नदी अतिक्रमण रोकथाम, तटीय क्षेत्रको व्यवस्थापन र जनचेतना अभिवृद्धि र आपत्कालीन योजना तयार गरी कार्यक्रम सञ्चालन गर्नु आवश्यक देखिएको छ ।

## ४.२ बाढी र पहिरोबाट शिक्षाक्षेत्रमा परेको असर

बाढी पहिरोको प्रकोपले गर्दा बालबालिकाहरु समेत धेरै जोखिममा रहेका छन् । शिक्षा क्षेत्रमा गरेको लगानीमा नराम्ररी असर परिरहेको छ र बर्षेनी महिनौं दिन सम्म विद्यालयहरु बन्द भइरहेका छन् । बाढीको समयमा विद्यालयलाई नै आश्रय स्थलको रुपमा प्रयोग समेत भइरहेको छ र यातायात अवरुद्ध भई पठनपाठन बन्द हुने बाध्यता रहेको छ । जसको असर प्रत्यक्षरुपमा सिकाई उपलब्धि तथा शिक्षाको गुणस्तरीयतामा ह्रास आउनु हो । तसर्थ यस अवस्थामा स्थानीय तह तथा सम्बन्धित सबै सरोकारवालहरु सँग प्रभावकारी समन्वय र सहकार्य गरी शैक्षिक कृयाकलापहरुलाई निरन्तरता दिनु अति आवश्यक हुन्छ । यसका लागि वैकल्पिक विधिहरुको पहिचान गरी सो समयमा तत्काल प्रभावकारी रुपमा शैक्षिक कृयाकलापहरु सुचारु राख्नु अति आवश्यक हुन्छ ।

विगतका वर्षहरुको विपद्को अवस्थालाई मध्यनजर गरेर बाढी र पहिरोबाट यस प्रदेश मा करीव २० प्रतिशत विद्यालयहरुमा प्रभावित हुन सक्ने अनुमान गर्न सकिन्छ । विद्यालयहरु प्रभावित भई कक्षा सञ्चालन गर्न कठिनाई हुने र कतिपय विद्यालयहरु आश्रय स्थलको रुपमा प्रयोग हुन सक्ने अनुमान गरिएको छ । क्षतिको सन्दर्भमा विद्यालयमा माटो बगाएर ल्याई पुर्ने, विद्यालय बगाउने, शैक्षिक सामग्रीहरुको क्षति हुने, टेबल डेस्क बेन्चहरु, दराजहरु क्षति हुने, बालबालिकाहरुको पुस्तकहरु बगाउने, भिज्ने, विद्यालयका शौचालयहरु र खानेपानीमा क्षति हुने साथै विद्यालय जान आउन कठिन हुने अवस्था सृजना हुने अनुमान गरिएको छ । यसबाट तल उल्लेखित संख्यामा बालबालिकाहरुको पढाई अवरुद्ध हुन सक्ने देखिन्छ । बाढी तथा डुबानका कारण बालबालिकाहरुमा झाडापखालाको महामारी पनि फैलिन सक्ने अनुमान गर्न सकिन्छ ।

विक्रम सम्वत् २०७४ जत्रै बाढी तथा पहिरो यस प्रदेशमा आएको अवस्थामा विद्यालयका कक्षाकोठा साथै परिसरको पहिरो र बाढीका साथै विद्यालयमा जाने आवागमन अवरुद्धभइ ११ जिल्लाका ८५०५ मध्ये १७०० विद्यालयमा असर गरि १५ दिन भन्दा बढी पठनपाठन बन्द हुने अनुमान गरिएको छ । समुदायमा एवं शिक्षक र कर्मचारीहरूलाई समेत बाढी पहिरोको प्रभाव पर्ने हुँदा सामान्य अवस्थामा फर्काउन दुई हप्ता भन्दा धेरै समय लाग्न सक्नेछ ।

तालिका ४.१ बाढी पहिरोबाट प्रभावित जनसंख्याको सारांश विवरण

| तह | बिद्यालय संख्या | बालबालिकाको संख्या | प्रभावित हुन सक्ने विद्यालय २०% | प्रभावित हुन सक्ने बालबालिका २०% |
|---|---|---|---|---|
| बालविकास केन्द्र | ४१९६ | ९९६०१ | ८४० | १९९२० |
| १ देखि ८ | २१८१ | ४०१०६३ | ४३६ | ८०२१२ |
| ९ देखि १२ | १३२३ | १६८९२८ | २६५ | ३३७८५ |
| **जम्मा** | **७७००** | **६६९५९२** | **१५४०** | **१३३९१८** |

नोटः २८ प्रतिशत भन्दा बढीको क्षति भएमा संघीय सरकारको सहयोग आह्वान गरिने छ ।

## ४.३ बाढी र पहिरोको प्रतिकार्य रणनीति

प्रदेश शिक्षा समूहले ।।।।। बिद्यार्थीको पठनपाठन सुचारु गर्न सहयोग गर्ने गरी तयारी गरेको छ। बाँकि सम्बन्धित स्थानीय तहको स्रोतसाधनबाट हुने अपेक्षा गरिएको छ ।

परिदृष्य अनुसारको बाढीको पूर्वतयारी तथा प्रतिकार्यका लागि प्रदेश शिक्षा समूहका मुख्य रणनीतिक क्रियाकलापहरू निम्न बमोजिम हुनेछन् ।

(१) जल तथा मौसम विज्ञान विभागबाट जारी गरिने वर्षा तथा बाढीको पूर्वानुमानका आधारमा सम्बन्धित समुदाय तथा शैक्षिक संस्थाहरूलाई सजग र सतर्क रहन सूचित गर्ने,

(२) भारी वर्षा तथा बाढी, पहिरोको सम्भावित प्रभाव अनुमानका आधारमा उच्च जोखिममा रहेका विद्यालयमा पठनपाठन सावधानीपूर्वक सञ्चालन गर्न वा बन्द गर्न सूचित गर्ने,

(३) बाढी पछिको समय अवधिमा (० देखि ३ महिना) क्रमशः गर्नुपर्ने क्रियाकलाप र समूहका सदस्यको जिम्मेवारी निर्धारण गरी कार्यान्वयन गर्ने,

(४) बाढी, पहिरो गएपछि प्रभावित क्षेत्रका विद्यालयको द्रुत लेखाजोखा गरी क्षतिको मूल्याङ्कन गर्ने र विद्यालय भवन र परिसरलाई सुरक्षित र असुरक्षित वर्गमा छुट्याउन आवश्यक सहायता परिचालन गर्ने,

(५) शैक्षिक सामग्रीमा भएको क्षति र पठनपाठन निरन्तर गर्न चाहिने शैक्षिक सामग्रीको लेखाजोखा गर्न आवश्यक सहायता परिचालन गर्ने,

(६) सुरक्षित स्थानमा आवश्यक आधारभुत सेवा सुविधा सहितका अपाङ्गता भएका बालबालिका र किशोरकिशोरी समेतलाई उपयुक्त हुने गरी अस्थायी कक्षाकोठा (TCs) वा अस्थायी सिकाइ केन्द्र वा अनलाइन सिकाइ केन्द्र वा भर्चुअल कक्षा स्थापना तथा सञ्चालन गर्न आवश्यक सामग्री, प्राविधिक तथा आर्थिक परिचालन गर्ने,

(७) स्थानीय तहमा आपत्कालीन शैक्षिक सामग्री परिपूर्ति गर्न आवश्यक समन्वय तथा सहयोग गर्ने,

(८) शिक्षक तथा सहजकर्तालाई आवश्यक अनुशिक्षण र परामर्श प्रदान गर्ने,

(९) विद्यालय र पठनपाठन पुनःसञ्चालन गर्न समुदाय परिचालन गर्न स्थानीय तहलाई सहयोग गर्ने,

(१०) शिक्षाक्षेत्रको मानवीय सहयाता र आपत्कालीन पठनपाठन र सिकाइ सञ्चालनमा अन्तर्राष्ट्रिय न्यूनतम मापदण्ड (Inter Agency Network for Education in Emergencies – INEE Standards) पालना गर्ने, गराउने,

(११) प्रभावित परिवारहरूको मानवीय आवश्यकता परिपूर्ति साथै बालबालिकाको संरक्षण, सरसफाइ, सरसामान, आश्रय, स्वास्थ्य र पोषण जस्ता साझा सरोकारका सवाल सम्बोधन गर्न सम्बन्धित समूहसँग समन्वय र सहकार्य गर्ने,

## ४.४ बाढी र पहिरोको प्रतिकार्य गर्न स्रोतसाधनको आवश्यकता र विद्यमान क्षमता विश्लेषण

तालिका ४.२ परिदृष्य बमोजिम बाढीको प्रतिकार्य गर्न आवश्यकताको विवरण

| क्र.सं. | आवश्यकताको विवरण | एकाइ | आवश्यक परिमाण | कैफियत |
|---|---|---|---|---|
| *क* | *जनशक्ति* | *संख्या* | | *...को मापदण्ड अनुसार* |
| १ | तालिमप्राप्त उद्धारकर्मी, शिक्षक टोली | संख्या | १५२ | २२५ विद्यार्थी =१ उद्धार टोली |
| २ | क्षति र आवश्यकता मूल्याङ्कन गर्नको लागि दक्ष (इरा) टोली | संख्या | ४३० | १० विद्यालय = १ इरा टोली |
| ३ | सङ्कटकालीन कार्य सञ्चालन गर्न सहयोग गर्न समन्वय टोली | संख्या | ४३० | १० विद्यालय = १ टोली |
| *ख* | *सामग्री तथा प्रविधि औजार* | | | |
| १ | बाल विकास किट ECD Kit (४०८८ बालबालिकाको लागि) | संख्या | १०२ | ४० विद्यार्थीका लागि १ kit |
| २ | विद्यालय किट School Kit (कक्षा १-८ का २०१८९ जनाको लागि) | संख्या | ५०४ | ४० विद्यार्थीका लागि १ kit |

| क्र.सं. | आवश्यकताको विवरण | एकाइ | आवश्यक परिमाण | कैफियत |
|---|---|---|---|---|
| ४ | विद्यार्थी किट सिनियर कक्षा ९ देखि १२ (१३-१८ वर्ष उमेरको लागि) | | १००९४ | १ विद्यार्थीका लागि १ kit |
| ५ | विद्यालय किट शिक्षक | सेट | ८५९ | ३४३७१ विद्यार्थीको लागि प्रति ४० विद्यार्थी १ विद्यालय किट। |
| ६ | मनोरञ्जन किट | सेट | १ - ५ कक्षा र ६-८ कक्षा २०४ | १२० विद्यार्थीका लागि २ kit |
| ७ | Dignity Kit<br>१३-१८ वर्षका प्रभावित विद्यार्थी संख्या २५२३७<br>२५२३७ को ५०.६% छात्रा १२७६९<br>१२७६९ को ४०% ५१०७ | सेट | ५१०७ | एक सेट प्रति विद्यार्थी |
| ८ | Hygiene Kit | | ३०२८३ | एक सेट प्रति विद्यार्थी इसिडि बाहेक<br>वास समूहसँग समन्वय गर्ने । |
| १० | खोज तथा उद्धार किट | सेट | ८५ सेट | १ सेट प्रति उद्धार टोली। सम्बन्धित निकायसँग समन्वय गर्ने। |
| खोज उद्धार किटमा निम्न सामग्री हुन्छन्:<br>- Helmet, Life Jacket, Big Water V Type PFD (Life Jacket), Safety Boots, Light Boot, Search Light,<br>- Throw Bag, Tape Sling Tubular, Tube, Bucket, Normal Rope, Medical Mask,<br>- Shovel, Knife, कोदालो (Spade), Pry Bar (Gal), Pick, Axe, Hand Saw Small, Khukuri, Crow Bar | | | | |
| *ग* | *आधारभुत भौतिक संरचना र सामग्री* | | | |
| १ | अस्थायी सिकाइ केन्द्रका लागि निर्माण स्थल, | स्थान | | १५५ विद्यालयमा कक्षाकोठा र फर्निचर क्षति भएको |
| २ | अस्थायी सिकाइ केन्द्रका लागि निर्माण सामग्री | सेट | | |
| ३ | Tent, Blanket, Mat, Tarpaulin, | सेट | | आवास क्लष्टरबाट उपलब्ध गराउने |
| ४ | Portable Generator, Extension Cord | सेट | | |
| ५ | Megaphone (हाते माइक) | संख्या | | प्रति विद्यालय १ |
| *घ* | *लागत रकम* | | | |

| क्र.सं. | आवश्यकताको विवरण | एकाइ | आवश्यक परिमाण | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| *ङ* | *संस्थागत संरचना* | | | |
| १ | विपद् व्यवस्थापन समिति | संख्या | सबै विद्यालयमा | |
| २ | उद्धार टोली (१ टोली =६ जना) | संख्या | ८५ | उच्चतम प्रभावित संख्या |
| ३ | अन्य कार्यदल | संख्या | आवश्यकता अनुसार | |

तालिका ४.३ विद्यमान स्थिति र अपुग हुने स्रोतसाधन एवं दक्षताको सारांश विवरण

| **क्र.स.** | **आवश्यकताको विवरण** | **एकाइ** | **आवश्यक परिमाण** | **उपलब्ध परिमाण** | | | **जम्मा उपलब्ध परिमाण** | **अपुग परिमाण** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | **संघीय तह** | **प्रदेश तह** | **स्थानीय तह** | | | |
| **क** | **जनशक्ति** | | | | | | | | |
| १ | तालिमप्राप्त उद्धारकर्मी, शिक्षक टोली (१ टोली प्रति १० विद्यालयका दरले) । | संख्या | ८५ | | | | | ८५ | |
| २ | क्षति र आवश्यकता मूल्याङ्कन गर्नको लागि दक्ष (इरा) टोली ( | संख्या | ११ | | | | | ११ | |
| ३ | सङ्कटकालीन कार्य सञ्चालन गर्न सहयोग गर्न समन्वय टोली | संख्या | ११ | | | | | ११ | |
| | | | | | | | | | |
| **ख** | **सामग्री, प्रविधि, औजार** | | | | | | | | |
| १ | बाल विकास किट | | १०२ | | | | | १०२ | |
| २ | विद्यालय किट (विद्यार्थी) | | | | | | | | |
| ३ | विद्यार्थी किट (जुनियर) | | | | | | | | |
| ४ | बिद्यार्थी किट, सिनियर (Adolescent Kit, Secondary level) | | १००९४ | | | | | १००९४ | |
| ५ | विद्यालय किट, शिक्षक | | ८५९ | | | | | ८५९ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | मनोरञ्जन किट (८५९३०/१२०) | | ७१६ | | | | | ७१६ | |
| ७ | Dignity Kit (किशोरी) | | ५१०७ | | | | | ५१०७ | |
| ९ | Hygiene Kit | | ३०२८३ | | | | | ३०२८३ | |
| १० | खोज तथा उद्धार किट | सेट | **८५** | | | | | **८५** | |
| **ग** | **आधारभुत भौतिक संरचना र सामग्री** | | | | | | | | |
| ३ | Tent, Blanket, Eva Foam Mat, Tarpaulin, | सेट | **८५** | | ० | | | ८५ | |
| **घ** | **लागत रकम** | | | | | | | | |
| **ङ** | **संस्थागत संरचना** | | | | | | | | |
| १ | विपद् व्यवस्थापन समिति | संख्या | ६७० | | | ८५ | | | |
| २ | उद्धार टोली | संख्या | ७६० | | | | | ७६० | |
| ३ | अन्य कार्यदल | संख्या | --- | | | | | | |

## ४.५ बाढी र पहिरोको लागि शिक्षा क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्य योजना

अपुग स्रोतसाधन र क्षमताको परिपूर्ति गर्न परिदृश्य १ भूकम्पमा गरिए बमोजिमका रणनीति अवलम्बन गरिने छ। परिदृष्य बमोजिमको बाढीको पूर्वतयारी तथा प्रतिकार्य गर्न आधारभूत पूर्वतयारी, पूर्वानुमानमा आधारित पूर्वतयारी तथा अग्रिम कार्य साथै प्रतिकार्य योजना निम्न बमोजिम तयार गरिएको छ ।

### ४.५.१ आधारभुत र सामान्य पूर्वतयारी कार्ययोजना (General Preparedness)

तालिका ४.५ आधारभूत तथा सामान्य पूर्वतयारी कार्ययोजना

| क्रियाकलाप | आवश्यकता | स्थान | कहिले गर्ने | जिम्मेवार निकाय | बजेट/ स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|
| १ अन्तरसमूह तथा समुदाय, स्थानीय तह, जिल्ला, प्रदेश र संघीय तहबिचमा प्रभावकारी सञ्चार प्रणालीको स्थापना (पैरवी योजनामा समावेश गर्ने) | | | | | |
| सम्भावित बाढी पहिरो प्रभावित जिल्लाका स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाइ (शि.वि.तथा स.ई.) जिल्ला विपद् व्यवस्थापन समिति (DDMC), शिक्षा विकास निर्देशनालय, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, जिल्ला तथा प्रदेश आपत्कालीन कार्य सञ्चालन केन्द्र (DEOC/PEOC), जिल्ला तथा प्रदेशस्तरका शिक्षा समूह (Education Cluster) का सदस्य संस्थाहरूका सम्पर्क व्यक्तिहरूको विवरण संकलन, व्यवस्थापन र अद्यावधिक गर्ने । (अनुसूची १, अनुसूची २) | १ सेट | प्रदेश तहमा | जेठ मसान्त भित्र | समूह नेतृत्व, सहनेतृत्व | |
| प्रदेशमा क्रियाशिल अन्य विषयक्षेत्रगत समूहका सम्पर्क व्यक्तिहरूको विवरण संकलन, व्यवस्थापन र अद्यावधिक गर्ने । | १ सेट | पोखरा | जेठ मसान्त भित्र | समूह नेतृत्व, सहनेतृत्व | |
| विभिन्न विपद्का सम्भावित जोखिम र सो को न्यूनीकरणका लागि पूर्वतयारी गर्न आवश्यकता अनुसार नियमित बैठक, छलफल तथा अतरक्रिया गर्न स्थानीय तहहरु, विद्यालय तथा सहयोगी संघसंस्थाहरूलाई परिपत्र, सूचना जारी गर्ने । | आवश्यकता अनुसार | | जेठ मसान्त भित्र | समूह नेतृत्व | |
| २ स्थानीय तह, जिल्ला र प्रदेशस्तरका शिक्षा समूह (Education Cluster) लाई विपद् पूर्वतयारीका लागि आवश्यक सहयोग गर्ने । | | | | | |

| क्रियाकलाप | आवश्यकता | स्थान | कहिले गर्ने | जिम्मेवार निकाय | बजेट/ स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|
| स्थानीय, जिल्ला र प्रदेश शिक्षा समूह (Education cluster) सँग समन्वय गरी जिम्मेवारी निर्धारण र बाँडफाँड गर्ने । | १ | प्रदेश र स्थानीय तहमा | जेठ मसान्त भित्र | समूह नेतृत्व, सहनेतृत्व | |
| माग भए बमोजिम जिल्ला तथा स्थानीय तहलाई योजना तर्जुमा गर्न प्राविधिक सहयोग उपलब्ध गराउने । | | स्थानीय तहमा | जेठ मसान्त भित्र | समूह नेतृत्व, सहनेतृत्व | |
| योजना कार्यान्वयन गर्नका लागि क्षमता विकास गर्न माग भए बमोजिम जिल्ला तथा स्थानीय तहलाई प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउने | | स्थानीय तहमा | जेठ मसान्त भित्र | समूह नेतृत्व, सहनेतृत्व | |
| ३ सामग्री र प्रविधिको आपूर्ति तथा भण्डारण | | | | | |
| स्थानीय तह, जिल्ला, प्रदेशमा उपलब्ध र अपुग Student Kit, School Kit, ECD Kit, स्वअध्ययन सामग्री जस्ता सामग्रीहरूको परिमाण अद्यावधिक गर्ने । | | प्रदेश तहमा | जेठ मसान्त भित्र | समूह नेतृत्व, सहनेतृत्व | |
| नेपाल सरकारका विभिन्न निकायहरूबाट उत्पादन र विकास भएका एवं शिक्षा समूह (Education Cluster) का सदस्य संस्थाहरूसँग उपलब्ध शैक्षिक सामग्रीहरू, सामग्री भण्डारण गरेको स्थान र जनशक्तिको अभिलेख अध्यावधिक राख्ने । | | प्रदेश तहमा | बैशाख मसान्त भित्र | समूह नेतृत्व, सहनेतृत्व | |
| प्रभावित जिल्लाका विद्यालयहरूका लागि आवश्यकता अनुसारको पाठ्य सामग्री तथा बैकल्पिक सिकाइ सामग्रीहरूको प्रबन्ध मिलाउन आवश्यकता अनुसार सहयोग गर्ने । | | प्रभावित स्थानीय तह | जेठ मसान्त भित्र | समूह नेतृत्व, सहनेतृत्व | |
| सामग्री राहतको विकल्पको रूपमा (संस्था र विद्यालय बिच) नगद राहत उपलब्ध गराउनको लागि मार्गदर्शन तयार गर्ने । | १ | प्रदेश तहमा | आ.व २०७९/८० मा | समूह नेतृत्व, सहनेतृत्व | |

| क्रियाकलाप | आवश्यकता | स्थान | कहिले गर्ने | जिम्मेवार निकाय | बजेट/ स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|
| वास (WASH) तथा आवास बन्दोबस्ती क्लस्टरसँग समन्वय गरी विद्यालयका लागि आवश्यक पर्ने आपत्कालीन खानेपानी, सरसफाईका सामग्रीहरु भए नभएको सुनिश्चित गर्ने । | | | | | |
| सबै सरोकारवालाहरुलाई शैक्षिक आपत्कालीन कोष खडा गर्न अनुरोध गर्ने। | | | | | |
| ४ आपत्कालीन सामग्रीहरुको उपलब्धताका लागि व्यापारीहरुसँग पहिले नै विपद्को समयमा सामग्री उपलब्ध गराउन पूर्व सम्झौता गर्ने । | | | | | |
| विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि स्थानीतहको शिक्षा समूह र शिक्षकहरूको क्षमता अभिबृद्धि गर्न माग भए बमोजिम स्थानीय तहलाई सहयोग गर्ने । | माग भए बमोजिम | आवश्यक स्थानीय तहमा | निरन्तर | समूह नेतृत्व, सहनेतृत्व | |
| देहायका विषयमा समुदाय, वि. व्य. स., शिक्षक, अभिभावक संघहरूको भूमिका तथा जिम्मेवारी सम्बन्धी Public Service Announcement (PSA) तयार गरी प्रसारण गर्ने<br>(१) विद्यालय सुरक्षा योजना, विपद् जोखिम न्यूनीकरण/अल्पिकरण,<br>(२) बाढीले थुपारेको फोहोरको सरसफाइ,<br>(३) अस्थायी सिकाइ कक्षा निर्माण तथा सञ्चालन र मर्मत संभार<br>(४) शिक्षक तथा विद्यार्थी विद्यालयसम्म पुग्नका लागि सुरक्षित अन्य वैकल्पिक बाटोहरूको खोजी र प्रयोग गर्ने बारे, | आवश्यकता मूल्याङ्कन गरी | संघीय तहमा तयार भएकोलाइ प्रदेश भर प्रशारण गर्ने | निरन्तर | समूह नेतृत्व, सहनेतृत्व र सदस्यहरू | |
| विद्यालयलाई आश्रयस्थलको रूपमा प्रयोग गर्न नदिन अन्य उपयुक्त आश्रयस्थलको खोजी र व्यवस्थापन गर्न समुदाय, स्थानीय तह तथा जिल्लालाई आवश्यक समन्वय, सहयोग र पैरवी गर्ने । | | प्रदेशभर | निरन्तर | समूह नेतृत्व, सहनेतृत्व, सदस्यहरू | |
| शिक्षकहरूलाई खोज तथा उद्धार कार्यमा खटाउँदा र विद्यालयलाई आश्रयस्थलको रूपमा प्रयोग गर्दा त्यसबाट विद्यालयको पठनपाठनमा प्रतिकूल असर पर्न नदिन अपनाउन पर्ने उपायहरू बारे शिक्षकहरूलाइ | | प्रदेशभर | निरन्तर | समूह नेतृत्व, सहनेतृत्व | |

| क्रियाकलाप | आवश्यकता | स्थान | कहिले गर्ने | जिम्मेवार निकाय | बजेट/ स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|
| PSA/ Online Learning Materials का माध्यमबाट सचेतना/अभिमुखीकरण कार्यक्रम सञ्चालन तथा पैरवी गर्ने । | | | | | |
| शिक्षक तथा विद्यार्थी विद्यालयसम्म पुग्नका लागि सुरक्षित अन्य वैकल्पिक बाटोहरूको खोजी र प्रयोगको व्यवस्था मिलाउने । | | प्रभावित स्थानीय तह | निरन्तर | समूह नेतृत्व, सहनेतृत्व | |
| ५ जनशक्ति विकास गर्न क्षमता अभिबृद्धि/तालिम, नमूना अभ्यास कार्यक्रमहरूको सञ्चालन | | | | | |
| शिक्षा समूहका सदस्यहरू, शिक्षा विकास तथा समन्वय इकाई, स्थानीय तह, वि.व्य.स., शिक्षक तथा विद्यार्थीहरूलाई विपद् जोखिम न्यूनीकरण तथा अस्थायी सिकाइ केन्द्र, कक्षा व्यवस्थापन र स्थापनाको मार्गदर्शन तथा आपत्कालीन अवस्थाको शिक्षाका शैक्षिक सामग्रीहरूको वितरण र व्यवस्थापन सम्बन्धमा प्रत्यक्ष वा अनलाइन जस्ता अन्य वैकल्पिक माध्यमबाट अभिमुखीकरण गर्न आवश्यक पाठ्यक्रम, तालिम, दिग्दर्शन तथा तालिम सामग्रीहरूको विकास, प्रकाशन र वितरण | आवश्यकता अनुसार | प्रदेश तहमा प्रकाशन गरी प्रभावित स्थानीय तहमा वितरण गर्ने | निरन्तर क्रमशः | समूह नेतृत्व, सहनेतृत्व, सदस्यहरू | |
| १प्रदेश शिक्षा समूह तथा स्थानीय तहलाई शिक्षा समूहको गठन तथा परिचालन सम्बन्धी अभिमुखीकरण तथा अभ्यास | ११ | प्रदेशभर | निरन्तर क्रमशः | समूह नेतृत्व, सहनेतृत्व, सदस्यहरू | |
| प्रदेश साथै जिल्ला र स्थानीय तहमा शिक्षा समूहलाई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा सम्बन्धी तालिम जिल्लागत रूपमा | ११ | प्रदेशभर | निरन्तर क्रमशः | समूह नेतृत्व, सहनेतृत्व, सदस्यहरू | |
| शिक्षा समूहका सदस्यहरूलाई आपत्कालीन अवस्थामा पालना गर्नुपर्ने आचारसंहिता (Code of Conduct) को पालना, सञ्चारमाध्यमसँग प्रस्तुत हुने तरिका सम्बन्धी सूचना तथा सन्देशहरू सम्प्रेषण गर्ने सम्बन्धमा संघ तथा प्रदेश स्तरीय अभिमुखीकरण | ३ | प्रदेशभर | निरन्तर क्रमशः | समूह नेतृत्व, सहनेतृत्व, सदस्यहरू | |

| क्रियाकलाप | आवश्यकता | स्थान | कहिले गर्ने | जिम्मेवार निकाय | बजेट/ स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|
| क्षतिको विवरण संकलन गर्नका लागि सूचना फारमहरू भर्ने सीप विकासको लागि शिक्षक/DRR Focal Person हरूलाई संघ तथा प्रदेशगत अभिमुखीकरण | १ | प्रदेशभर | निरन्तर क्रमशः | समूह नेतृत्व, सहनेतृत्व, सदस्यहरू | |
| शिक्षक, कर्मचारी तथा विद्यार्थीहरुलाई प्राथमिक उपचार तालिम र उपचार सामग्रीहरुको व्यवस्थापन गर्दै कृत्रिम घटना अभ्यास तथा नमूना पठनपाठन सञ्चालन गर्न जिल्लागत तालिम | ११ | प्रदेशभर | निरन्तर क्रमशः | समूह नेतृत्व, सहनेतृत्व, सदस्यहरू | |
| आपत्कालीन सामग्रीहरुको उपलब्धताका लागि व्यापारीहरुसँग पहिले नै विपद्को समयमा सामग्री उपलब्ध गराउन पूर्व सम्झौता गर्ने । | | | | | |
| प्रारम्भिक द्रुत लेखाजोखा (IRA), बहुक्षेत्रगत प्रारम्भिक द्रुत लेखाजोखा (MIRA) र क्लस्टर विशेष विस्तृत विवरण (Cluster Specific Detail Assessment - CSDA) सम्बन्धी सूचना संकलनका बारेमा तालिम दिने । | | | | | |
| स्थानीय तहमा रहेका मनोसामाजिक परामर्शदाताहरुको तथ्याङ्क संकलन गर्ने र आवश्यकता अनुसार तालिम सञ्चालन गर्ने | | | | | |
| ६ अस्थायी सिकाइ केन्द्र/कक्षाकोठा निर्माणका लागि स्थान छनोट गर्ने | | | | | |
| अस्थायी सिकाइ केन्द्र/कक्षाकोठा निर्माणका लागि प्राथमिक र वैकल्पिक स्थानको पहिचान तथा छनोट गर्न समन्वय, सहयोग तथा पैरवी गर्ने | आवश्यकता अनुसार | हरेक स्थानीयतह | निरन्तर | समूह नेतृत्व, सहनेतृत्व, सदस्यहरू | |
| अस्थायी सिकाइ केन्द्रमा पहुँच मार्ग तथा खानेपानी, शौचालय लगायतका सेवा सुविधाको व्यवस्था गर्न समन्वय, सहयोग र पैरवी गर्ने | आवश्यकता अनुसार | हरेक स्थानीयतह | निरन्तर | समूह नेतृत्व, सहनेतृत्व, सदस्यहरू | |
| अस्थायी सिकाइ केन्द्र निर्माण सामग्रीको आपूर्ति तथा भण्डारण (हरेक पालिकामा) गर्न प्रदेशसँग समन्वय गरी स्थानीय तहलाई आवश्यक सहयोग गर्ने | आवश्यकता अनुसार | हरेक स्थानीयतह | निरन्तर | समूह नेतृत्व, सहनेतृत्व, सदस्यहरू | |

| क्रियाकलाप | आवश्यकता | स्थान | कहिले गर्ने | जिम्मेवार निकाय | बजेट/ स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|
| प्रदेश स्तरमा रहेका बाढी तथा डुबानको जोखिममा रहेका विद्यालयहरुमा बाढी तथा डुबानको प्रतिकार्य र पूर्वतयारी योजना तयार गर्न लगाउने र विद्यालय सुधार योजनामा समावेश गर्न लगाउने । | | | | | |

*मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०७९ बाट साभार गरी सामान्य परिमार्जन गरिएको ।

### ४.५.२ पूर्वानुमान एवं परिदृष्यमा आधारित पूर्वतयारी र अग्रिम प्रतिकार्य योजना

<u>मौसमी परिदृष्य पूर्वानुमानः</u>

वि सं २०७९ सालको मनसुन ज्येष्ठ १८ गतेबाट सुरू भई आश्विन १४ गतेसम्म रहने जल तथा मौसम विज्ञान विभागले अनुमान गरेको छ । यस चार महिनाको मनसुनको अवधिमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना रहेको छ। प्रदेश नं. १ का तराईका भूभागहरू, बागमती प्रदेशका उत्तर पूर्वी भूभाग, गण्डकी प्रदेशका दक्षिणी भूभाग, लुम्बिनी प्रदेश, कर्णाली प्रदेशका उत्तर पश्चिमी भूभाग तथा सुदूरपश्चिम प्रदेशका उत्तरी भूभागहरूमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ५५ देखि ६५% रहेको छ। सुदूरपश्चिम प्रदेशका पूर्वी भूभाग कर्णाली प्रदेशका मध्य भूभाग गण्डकी प्रदेशका मध्य भूभाग र प्रदेश न १ को मध्य भूभागहरूमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको छ। गण्डकी प्रदेशका उत्तरी भूभाग र सुदूरपश्चिम प्रदेशका मध्य तथा पश्चिमी भूभागहरूमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको छ। गण्डकी प्रदेशका उत्तरी भूभाग र सुदूरपश्चिम प्रदेशका मध्य तथा पश्चिमी भूभागहरूमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको छ। प्रदेश नं. १ का उत्तरी भूभाग बागमती प्रदेशका दक्षिणी भूभाग र मधेश प्रदेशका अधिकांश भूभागहरूमा सरदर वर्षा हुने ३५ देखि ४५ प्रतिशत सम्भावना रहेको छ ।

माथिको पूर्वानुमानका आधारमा हरेक वर्ष जल तथा मौसम विज्ञान विभाग अन्तरगत मौसम पूर्वानुमान महाशाखाले मनसुनी वर्षा र बाढी पहिरोको बारेमा पूर्वानुमान गरेको हुन्छ । यसलाई आधार मानेर जल तथा मौसम विज्ञान विभागले जारी गर्ने १५ दिने तथा ७ दिने मौसम पूर्वानुमानमा आधारित भई गरिने क्रियाकलापहरूको क्रमागत सूची तालिका ४.६ मा उल्लेख गरिएको छ ।

तालिका ४.६ मौसम पूर्वानुमानमा आधारित बाढी र पहिरोको पूर्वतयारी तथा प्रतिकार्य योजना

| समय अवधि | क्रियाकलाप | स्थान | जिम्मेवार निकाय | बजेट |
|---|---|---|---|---|
| २ हप्ताअघि पूर्वसूचना पाए पछि | | | | |
| अत्यधिक वर्षा भई बाढी आउनसक्ने अवस्था वा खराव मौसमको कारण हावाहुरी आउन सक्ने सम्भावना भएमा जल तथा मौसम विज्ञान विभागसँग समन्वय गरी विद्यालयहरूलाई सूचना जारी गर्ने । | | संभावित प्रकोप क्षेत्रमा | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | |
| विपद् हुन सक्ने सम्भावना देखिएमा सबै तहका सरोकारवालालाई तयारी अवस्थामा रहन आवश्यक समन्वय र आग्रह गर्ने । | | प्रदेशभर | समूह नेतृत्व, सहनेतृत्व | |
| सिकाइ निरन्तरताका लागि सम्बन्धित सबैलाई आवश्यक तयारी गर्न समन्वय तथा सहयोग गर्ने । | | विपद् सम्भावित क्षेत्रमा | समूह नेतृत्व, सहनेतृत्व | |
| ३ दिन (७२ घण्टा) पहिले पूर्वानुमान पाए पछि | | | | |
| मौसम पूर्वानुमान अनुसार अत्यधिक वर्षा भई बाढी आउनसक्ने अवस्था वा खराव मौसमको कारण हावाहुरी आउन सक्ने सम्भावना भएमा प्रदेश शिक्षा समूहको बैठक बस्ने | | पोखरा | समूह नेतृत्व, सहनेतृत्व | |
| अत्यधिक वर्षा भई बाढी आउन सक्ने अवस्था वा खराव मौसमको कारण हावाहुरी आउन सक्ने सम्भावना भएमा सूचना जारी गर्ने । | | प्रकोप संभावित क्षेत्रमा | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | |
| सिकाइ निरन्तरताका लागि सम्बन्धित सबैलाई आवश्यक तयारी पुरा गर्न समन्वय तथा सहयोग गर्ने । | | विपद् सम्भावित क्षेत्रमा | समूह नेतृत्व, सहनेतृत्व | |
| २४ घण्टा पहिले पूर्वसूचना पाएपछि | | | | |
| अत्यधिक वर्षा भई बाढी आउनसक्ने अवस्था वा खराव मौसमको कारण हावाहुरी आउनसक्ने सम्भावना भएमा सूचना जारी गर्ने । | | प्रकोप संभावित क्षेत्रमा | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | |
| विपद् हुनसक्ने सम्भावना देखिएमा सबै तहका शिक्षा समूहलाई तयारी अवस्थामा रहन समन्वय र आग्रह गर्ने । | | प्रकोप संभावित क्षेत्रमा | समूह नेतृत्व, सहनेतृत्व | |

| समय अवधि | क्रियाकलाप | स्थान | जिम्मेवार निकाय | बजेट |
|---|---|---|---|---|
| विपद् हुनसक्ने सम्भावना देखिएका क्षेत्रका स्थानीय तह साथै विद्यालयलाई तयारी अवस्थामा रहन समन्वय र आग्रह गर्ने । | | प्रकोप संभावित क्षेत्रमा | समूह नेतृत्व, सहनेतृत्व | |
| जोखिम क्षेत्रका विद्यालयमा पठनपाठन स्थगन गर्न आवश्यक देखिए स्थानीय तहलाई आव्हान तथा समन्वय गर्ने । | | प्रकोप संभावित क्षेत्रमा | समूह नेतृत्व | |
| घटनापूर्व पूर्वसूचना वा चेतावनी पाएपछि | | | | |
| प्रदेश शिक्षा समूहको बैठक बस्ने र अग्रीम प्रतिकार्य योजना लागु गर्न समन्वय गर्ने । | | प्रदेश र स्थानीय तहमा | समूह नेतृत्व, सहनेतृत्व | |
| आवश्यकता अनुसार विद्यालय बन्द गर्न र अन्य सुरक्षा उपाय अपनाउन सम्बन्धित जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तहलाई आव्हान गरी सूचना गर्ने | | प्रभावित क्षेत्रमा | समूह नेतृत्व, सहनेतृत्व | |
| विद्यालय क्षेत्रको लागि उद्धार टोली तयारी अवस्थामा रहन आवश्यक समन्वय गर्ने | | प्रभावित क्षेत्रमा | समूह नेतृत्व, सहनेतृत्व | |
| जोखिममा रहेका विद्यालयका सामग्री सुरक्षित स्थानमा सार्न र अन्य सुरक्षा उपाय अपनाउन सूचना जारी गर्ने। | | प्रभावित क्षेत्रमा | समूह नेतृत्व, सहनेतृत्व | |

### ४.५.३ बाढी र पहिरोको प्रतिकार्य योजना

तालिका ४.७ बाढीको लागि प्रतिकार्य योजना

| समय अवधि | क्रियाकलाप | स्थान | जिम्मेवार निकाय | बजेट |
|---|---|---|---|---|
| ०-७२ घण्टा (परिदृष्य) | | | | |
| विद्यालय सञ्चालन भैरहेको समयमा बाढी गएको अवस्थामा | बाढीको घटना भएको क्षेत्रमा सम्पर्क गरी बस्तुस्थितिको जानकारी लिने । | प्रभावित क्षेत्र | समूह नेतृत्व, सहनेतृत्व | |
| | तत्काल उद्धार राहतका लागि स्थानीय, जिल्ला तथा प्रदेश समूह परिचालन गर्न सहजीकरण, समन्वय र सहयोग गर्ने । | प्रभावित स्थानीय तह | समूह नेतृत्व, सहनेतृत्व | |

| समय अवधि | क्रियाकलाप | स्थान | जिम्मेवार निकाय | बजेट |
|---|---|---|---|---|
| | ईरा टोली परिचालन गर्न तयारी गर्न प्रदेश, जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय तहसँग समन्वय गर्ने । | प्रभावित स्थानीय तह | समूह नेतृत्व, सहनेतृत्व | |
| | प्रारम्भिक द्रुत लेखाजोखा (IRA) गर्ने फाराम प्रयोग गरी तोकिएको विधि अवलम्वन गरी शिक्षाक्षेत्रको क्षति र तत्कालीन आवश्यकताको द्रुत मूल्याङ्कन गर्ने, गराउन समन्वय तथा सहयोग गर्ने | प्रभावित क्षेत्र | समूह नेतृत्व, सहनेतृत्व, सदस्यहरू | |
| विद्यालय चलेको वा नचलेको अवस्थामा | क्षति र प्रभावको बारेमा सूचना सङ्कलन गर्ने | प्रभावित क्षेत्र | समूह नेतृत्व, सहनेतृत्व, सदस्यहरू | |
| | समूहको आपत्कालीन बैठक बस्ने | प्रदेश | समूह नेतृत्व, सहनेतृत्व | |
| | विद्यालय, स्थानीय तह, जिल्लाबाट अवस्थाको जानकारी लिने | प्रभावित क्षेत्र | समूह नेतृत्व, सहनेतृत्व, सदस्यहरू | |
| | विद्यालयमा खोज तथा उद्धारको समन्वय गर्ने | संघीय तह तथा प्रभावित क्षेत्र | समूह नेतृत्व | |
| | स्थानीय तहबाट माग भए बमोजिम प्रभावित क्षेत्रमा जनशक्ति खटाउने | प्रभावित क्षेत्रका स्थानीय तह | समूह नेतृत्व | |
| ७२ घण्टा - २ हप्ता | | | | |
| | प्रारम्भिक द्रुत लेखाजोखा (IRA) गर्ने फाराम प्रयोग गरी तोकिएको विधि अवलम्वन गरी शिक्षाक्षेत्रको क्षति र तत्कालीन आवश्यकताको द्रुत मूल्याङ्कन गर्ने, गराउन समन्वय तथा सहयोग गर्ने | प्रभावित क्षेत्र | समूह नेतृत्व, सहनेतृत्व, सदस्यहरू | |
| | अन्य संस्था समूहसँग समन्वय गर्ने | संघीय तह | सम्पर्क व्यक्तिहरू | |
| | कामको प्रतिवेदन र अवस्थाको बारेमा सार्वजनिक जानकारी गराउने | सबै तह | समूह नेतृत्व | |

| समय अवधि | क्रियाकलाप | स्थान | जिम्मेवार निकाय | बजेट |
|---|---|---|---|---|
| | पठनपाठन, कक्षा सञ्चालन गर्न समन्वय तथा सहयोग गर्ने | प्रभावित स्थानीय तह | समूह नेतृत्व, सहनेतृत्व, सदस्यहरू | |
| | जनशक्ति तथा सामग्रीहरू सम्बन्धित विद्यालय, अस्थायी क्याम्पमा पठाउने | प्रभावित स्थानीय तह | समूह नेतृत्व | |
| | स्थानीय रहनसहनको सम्मान गर्न सबै सहयाताकर्मीलाई निर्देश गर्ने | देशभर | समूह नेतृत्व | |
